# मेलौली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प.सः २०७९/०८०
च. नं.

मेलौली, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

**सूचना !** **सूचना !!** **सूचना !!!**

**अगामी आ. व. २०८०/०८१ को लागी प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी (सुचिकरण) हुन बेरोजगार फारम भर्ने सम्बन्धी सूचना ।**

रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ र नेपाल सरकार प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ (दोस्रो संसोधन, २०७८ सहित)को दफा १८ को उपदफा (१) बमोजिम अगामी आ.व. २०८०/८१ को आर्थिक अवसर बाट बञ्चित महिला, आदिबासि, जनजाति, दलित, तथा बिपन्न बर्गका बेरोजगार भएका, स्वरोजगार समेत नरहेका (१८ देखि ५९ उमेर समुहका) व्यक्तिहरुले २०७९/११/०१ देखि फागुन मसान्त सम्म आफु स्थाई बसोबास गर्दै आएको वडा कर्यालयमा बेरोजगार व्यक्तिको सुचिमा सुचिकृत हुन तपसिलको कागजात सहित अनुसुचि १ बमोजिमको ढाँचामा निवेदन दिन हुन सम्बन्धित सबैको लागी यो सूचना प्रकासित गरिएको छ ।

**न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्ड**

१. एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारीमा संलग्न नभएको ।
२. एक आर्थिक वर्षमा स्वरोजगारमा संलग्न भई न्यूनतम एकसय दिनको रोजगारी वाफत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय भन्दा कम आय भएको ।
३. १८ देखि ५९ वर्ष उमेर समुहको ।

**आवश्यक कागजातहरु**

१. निवेदकको नागरिकताको प्रतिलिपि — १ थान
२. पासपोर्ट साइजको फोटो — १ प्रति
३. परिवारको सबै सदस्यहरुको नागरिकताको फोटोकपी १/१ प्रति

आवेदन फारम वडा कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिने छ । साथै प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट www.pmep.gov.np बाट पनि प्राप्त गर्न सकिनेछ ।

पुनश्चः सुचिकृत भैसकेका व्यक्तिहरुले पनि नविकरण गर्नुपर्ने भएकाले माथि उल्लेखित मिति भित्र वडा कार्यालयमा गएर नयाँ फारम भर्नुपर्नेछ ।

सन्ध्या जोशी
रोजगार संयोजक

सपना कार्की
नि. प्रमुख प्रशासकीय अधिकृत